निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं./Ref:

मिति : २०८२/०३/१६
नेपाल संवत् ११४५ दिल्लाथ्व पञ्चमी, सोमबार

# प्रेस विज्ञप्ति

## उपनिर्वाचनको मिति तोकिएको सम्बन्धमा

रुपन्देही जिल्ला प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं. ३ बाट निर्वाचित माननीय प्रतिनिधि सभा सदस्य श्री दिपक बोहराको मिति २०८१/१२/१९ मा निधन भई नेपालको संविधानको धारा ८९ को खण्ड (च) बमोजिम प्रतिनिधि सभा सदस्य पद एक रिक्त भएको भनी संघीय संसद सचिवालयको पत्र संख्या ०८१/०८२, च.नं. ४६, मिति २०८१/१२/३१ को पत्रबाट आयोगलाई जानकारी प्राप्त भएको थियो।

प्रतिनिधि सभाको कार्यकाल ६ महिनाभन्दा बढी अवधि बाँकी रहदै प्रतिनिधि सभाको कुनै सदस्यको स्थान रिक्त भएमा त्यस्तो स्थान जुन निर्वाचन प्रणालीबाट पूर्ति भएको थियो सोही प्रक्रियाद्वारा पूर्ति गरिनेछ भन्ने संविधानको धारा ८४ को उपधारा ७ अनुसार उपनिर्वाचनको मिति तोक्नुपर्ने संवैधानिक एवं कानूनी व्यवस्था रहेको छ। उपरोक्त व्यवस्था बमोजिम निर्वाचन आयोगको मिति २०८२/०३/१६ गते बसेको बैठकले प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ६८ बमोजिम रुपन्देही जिल्लाको प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं. ३ मा रिक्त प्रतिनिधि सभा सदस्य पद एकको लागि मिति २०८२/०७/१७ गते सोमबारका दिन उपनिर्वाचन गर्ने गरी निर्वाचनको मिति तोक्ने निर्णय गरेको छ ।

यस उपनिर्वाचनलाई स्वच्छ, स्वतन्त्र र निष्पक्ष रूपमा सफल पार्न नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, राजनीतिक दल, नागरिक समाज, मतदाता तथा सम्पूर्ण सरोकारवालाहरूमा निर्वाचन आयोग हार्दिक अनुरोध गर्दछ ।

२०८२।३।१६

नीता पोखरेल अर्याल
सहसचिव एवं प्रवक्ता


कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ५३२८६६३। फ्याक्स: (९७७-१) ५३२५५८०
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 5328663, Fax: (977-1) 5325580
E-mail: info@election.gov.np, Website: www.election.gov.np